# प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी विनियमावली, २०८१

परिषद्बाट स्वीकृत मितिः..............................
नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट
स्वीकृत मितिः...२०८१।१२।१४

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**सानोठिमी, भक्तपुर**

**२०८१**

## प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनसम्बन्धी विनियमावली, २०८१

प्रस्तावनाः प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको समग्र गुणस्तर सुनिश्चित गरी सीपयुक्त, दक्ष र प्रतिस्पर्धी, गुणस्तरीय जनशक्ति तयार गर्न तथा श्रम बजारको माग बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमलाई समयानुकुल, सान्दर्भिक र प्रभावकारी बनाउन प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले देहायका विनियमहरु बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमालीको नाम "प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनसम्बन्धी विनियमावली, २०८१" रहेको छ।

(२) यो विनियमावली नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले विनियम ३ बमोजिम गठित स्तर निर्धारण तथा प्रत्यायन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सम्झनु पर्छ।

(ग) "परिषद् कार्यालय" भन्नाले परिषद्को केन्द्रीय कार्यालय सम्झनु पर्छ।

(घ) "परीक्षक" भन्नाले विनियम १३ बमोजिम स्तर निर्धारणका लागि नियुक्त अधिकार प्राप्त मूल्याङ्कनकर्ता सम्झनु पर्छ।

(ङ) "प्रशिक्षक" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा प्रशिक्षण दिने प्राविधिक सम्झनु पर्छ।

(च) "प्रशिक्षण" भन्नाले प्राविधिक तथा व्यावसायिक विषयको सैद्धान्तिक तथा प्रयोगात्मक शिक्षण सिकाइ सम्झनु पर्छ।

(छ) "पाठ्यक्रम" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका स्वीकृत पाठ्यक्रम सम्झनु पर्छ।

(ज) "बाह्य मूल्याङ्कन" भन्नाले शिक्षालयको स्व-मूल्याङ्कन प्रतिवेदनका आधारमा स्तर निर्धारणका लागि समितिबाट खटाइएको मूल्याङ्कन टोलीबाट गरिने परीक्षण सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ञ) "मापदण्ड" भन्नाले शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका लागि निर्धारित आधार सम्झनु पर्छ।

(ट) "मूल्याङ्‍न सूचक" भन्नाले स्तर निर्धारण तथा प्रत्यायनका मापदण्डका आधारमा मूल्याङ्कनका लागि तयार गरिएका रुजु सूची (चेकलिस्ट) सम्झनु पर्छ।

(ठ) "शिक्षालय" भन्नाले परिषद्द्वारा स्वीकृत शैक्षिक तथा तालिम कार्यक्रम संञ्चालन गर्ने आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्था सम्झनु पर्छ र सो शव्दले यस विनियमावली वमोजिम स्तर निर्धारणको लागि अनुरोध भई आएका अन्य शिक्षण संस्थालाई समेत जनाउँछ।

(ड) "समिति" भन्नाले विनियम ३ वमोजिम गठित स्तर निर्धारण तथा प्रत्यायन समिति सम्झनु पर्छ।

(ढ) "स्तर निर्धारण तथा प्रत्यायन" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षालय र शिक्षालयबाट सञ्चालित शैक्षिक कार्यक्रम तथा तालिमको गुणस्तरको स्तरीकरण तथा प्रमाणीकरण गर्ने कार्यलाई सम्झनु पर्छ।

(ण) "स्व-मूल्याङ्कन" भन्नाले स्तर निर्धारण तथा प्रत्यायनका लागि स्वीकृत मापदण्ड तथा सूचकका आधारमा शिक्षालयद्वारा गरिने आन्तरिक मूल्याङ्कन सम्झनु पर्छ।

## परिच्छेद-२
## समिति सम्बन्धी व्यवस्था

३. **स्तर निर्धारण तथा प्रत्यायन समितिः** (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षालय तथा सञ्चालित कार्यक्रमको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी कार्यको लागि प्राविधिक तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ को दफा ७ बमोजिम देहायको एक स्तर निर्धारण तथा प्रत्यायन समिति रहनेछ ।

| | |
|---|---|
| (क) सदस्य-सचिव, परिषद् | अध्यक्ष |
| (ख) सह-सचिव, प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) निर्देशक, प्राविधिक महाशाखा, परिषद्, | सदस्य |
| (घ) अध्यक्ष, शिक्षा, सीप विकास र रोजगार समिति नेपाल उद्योग वाणिज्य महासंघ, | सदस्य |
| (ङ) अध्यक्ष, सम्बन्धित विधागत सीप समिति, | सदस्य |
| (च) रजिष्ट्रार, स्तर निर्धारण हुने कार्यक्रमसँगसम्बन्धित व्यावसायिक परिषद् | सदस्य |
| (छ) प्रतिनिधि, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवालय, विश्वविद्यालय अनुदान आयोग, | सदस्य |
| (ज) समितिबाट मनोनित स्तर निर्धारण सम्बन्धी विज्ञ एक जना | सदस्य |

(झ) निर्देशक, स्तर निर्धारण तथा सम्बन्धन विषय हेर्ने महाशाखा, परिषद् सदस्य-सचिव

(२) उपदफा १ बमोजिमको समितिको काम र कर्तब्य देहाय बमोजिम हुनेछः-

(क) शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका लागि आवश्यक संरचना, ढाँचा, मूल्याङ्कनका मापदण्ड, मूल्याङ्कन सूचक, प्रक्रिया र आवश्यक फारम तथा अन्य कागजातको ढाँचा निर्धारण गर्ने,

(ख) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा वार्षिक नीति, कार्ययोजना तथा कार्यक्रम स्वीकृतिको लागि परिषद समक्ष सिफारिस गर्ने,

(ग) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा परिषदबाट स्वीकृत वार्षिक नीति, कार्ययोजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने,

(घ) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा परिषद्बाट भएका निर्णय कार्यान्वयन गर्ने,

(ङ) शिक्षालयको स्तर निर्धारण गरी प्रत्यायन प्रमाणपत्र प्रदान गर्न सिफारिस गर्ने,

(च) शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका लागि आवश्यकतानुसार कार्यटोली गठन गरी काम, कर्तब्य र अधिकार तोक्ने,

(छ) स्तर निर्धारण तथा प्रत्यायन भएका शिक्षालयलाई स्थायी सम्बन्धनका लागि परिषद् समक्ष सिफारिस गर्ने,

(ज) स्तर निर्धारण भएका तथा प्रत्यायनकृत शिक्षालयलाई प्रचलित प्रवन्ध बमोजिम अनुदान उपलब्ध गराउन परिषद् समक्ष सिफारिस गर्ने,

(झ) स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी अन्य काम गर्ने गराउने,

(ञ) परिषद्ले तोकेका अन्य कार्य गर्ने।

४. <u>समितिको सचिवालयः</u> (१) परिषद्को स्तर निर्धारण तथा सम्बन्धन विषय हेर्ने महाशाखाले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ।

(२) परिषद्को स्तर निर्धारण तथा सम्बन्धन विषय हेर्ने महाशाखाले परिषद्को संगठन संरचना बमोजिमको कार्यसम्पादनका अतिरिक्त समितिको सचिवालयको कार्य गर्दा देहाय बमोजिमका काम, कर्तब्य र अधिकारको प्रयोग गर्न सक्नेछः

(क) समितिको सचिवालयको दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) समितिमा पेश हुने प्रस्ताव तयार गर्ने,

(ग) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिले तोकेका अन्य कार्य गर्ने।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद-३

## गुणस्तर मापदण्ड तथा उपाधिको वर्गीकरणसम्बन्धी व्यवस्था

**५.गुणस्तरको मापदण्ड तथा सूचकः** (१) समितिले शिक्षालयको गुणस्तर मापदण्ड, यसका मूल्याङ्कन सूचक तथा अङ्कभार निर्धारण गर्नेछ।

(२) उपविनियम (१) बमोजिम स्तर निर्धारण तथा प्रत्यायनका लागि गुणस्तर, मापदण्ड र यसका मूल्याङ्कन सूचक तथा अंकभार निर्धारण गर्दा अनुसूची-१ बमोजिम निर्धारण गरिनेछ।

**६. स्तर निर्धारण तथा प्रत्यायनका उपाधिः** (१) समितिले बाह्य मूल्यांकन प्रातिवेदनका आधारमा कुनै कार्यक्रम वा समग्र शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनको उपाधि प्रदान गर्नेछ।

(२) उपविनियम (१) बमोजिम प्रदान गरिने शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका श्रेणी तथा उपाधि देहाय बमोजिम हुनेछः

| क.स. | श्रेणी | स्तर तथा उपाधि | मूल्याङ्कनका आधार |
|---|---|---|---|
| (क) | क | सर्वोत्कृष्ट | ९०% वा सो भन्दा बढी अंक प्राप्त गरेको |
| (ख) | ख | उत्कृष्ट | ८०% वा सो भन्दा बढी र ९०% भन्दा कम अंक प्राप्त गरेको |
| (ग) | ग | मध्यम | ७०% वा सो भन्दा बढी र ८०% भन्दा कम अंक प्राप्त गरेको |
| (घ) | घ | सामान्य | ६०% वा सो भन्दा बढी र ७०% भन्दा कम अंक प्राप्त गरेको |

(३) उपविनियम (२) बमोजिको मूल्याङ्कनमा ६०% भन्दा कम अंक प्राप्त गरेको शिक्षालय वा कार्यक्रमलाई नन-ग्रेडेड स्तर कायम गरिनेछ र त्यस्ता शिक्षालय वा कार्यक्रमलाई स्तर तथा उपाधिमा गणना गरिने छैन।

तर त्यस्ता शिक्षालय तथा कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

(४) उपविनियम (१) बमोजिम समग्र शिक्षालयको मूल्याङ्कन नगरी शिक्षालयमा सञ्चालित कुनै कार्यक्रमको मात्र स्तर निर्धारण तथा प्रत्यायनका मापदण्ड र मूल्याङ्कन सूचकका आधारमा गर्न सकिनेछ र त्यस्तो कार्यक्रमको श्रेणी तथा उपाधि उपविनियम (२)बमोजिम हुनेछ।

(५) उपविनियन (४) बमोजिमका कार्यक्रमको स्तर निर्धारण तथा प्रत्यायनका मापदण्ड तथा मूल्याङ्कन सूचक सम्बन्धी व्यवस्था अनुसूचीमा निर्धारण भए बमोजिम हुनेछ।

(६) यस विनियम बमोजिम प्रदान गरिने शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका श्रेणी तथा उपाधिको अवधि पाँच वर्षसम्मको लागि मान्य हुनेछ।

तर सो अगावै स्तरवृद्धिको लागि निवेदन गरी स्तर निर्धारण तथा प्रत्यायनका श्रेणी वृद्धि गर्न बाधा पर्ने छैन।

(७) उपविनियम (६) बमोजिमको समयावधि समाप्त भए पश्चात सम्बन्धित शिक्षालयले शुरुको प्रक्रिया बमोजिम शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायनका लागि निवेदन गर्नु पर्नेछ।

(८) उपविनियम (७) बमोजिम प्राप्त हुन आएको निवेदनका सम्बन्धमा समितिले सुरु निर्धारण भए बमोजिमको प्रक्रिया पूरा गरी नयाँ वा नवीकरण वा स्तरवृद्धि गरी दिन सक्नेछ।

## परिच्छेद-४
## स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी प्रक्रिया

७. **प्रक्रिया निर्धारण गर्नु पर्ने**: (१) समितिले स्तर निर्धारण तथा प्रत्यायनका सम्बन्धमा आवश्यक प्रक्रिया निर्धारण गर्नेछ।

(२) उपविनियम (१) बमोजिम स्तर निर्धारण तथा प्रत्यायन प्रक्रिया निर्धारण गर्दा आवेदन, स्वमूल्याङ्कन, मूल्याङ्कन टोलीको गठन तथा समीक्षा सहितका विषय निर्धारण गर्नुपर्नेछ।

८. **स्तर निर्धारण तथा प्रत्यायनका प्रक्रियाको कार्यान्वयन:** समितिले विनियम ८ बमोजिम स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी प्रक्रिया कार्यान्वयन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) सम्बन्धित शिक्षालयलाई कम्तिमा एक्काइस दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्ने,

(ख) स्व-मूल्याङ्कनको प्रतिवेदन परिषद्‌को प्रदेश कार्यालय मार्फत सचिवालयमा संकलन गर्ने,

(ग) संकलित आवेदन रुजु गर्ने,

(घ) रीत पूरा गरेका आवेदनलाई सचिवालयले सिफारिस सहित समितिमा पठाउने,

(ङ) रीत पूरा नगरेका आवेदनलाई कारण सहित सम्बन्धित शिक्षालयमा जानकारी गराउने,

(च) समितिको सचिवालयले सम्बन्धित शिक्षालयलाई बाह्य मूल्याङ्कनको कार्यतालिका बारे जानकारी गराउने,

(छ) बाह्य मूल्याङ्कनको लागि तीन सदस्यीय मूल्याङ्कन टोली खटाउने,

(ज) मूल्याङ्कन टोलीले पेश गरेको बाह्य मूल्यांकन प्रतिवेदन समितिको सचिवालयले रुजु गरी समिति समक्ष पेश गर्ने।

९. **उपाधि प्रदान गर्न सक्नेः** (१) समितिले यस विनियमावली बमोजिम मूल्याङ्कन भई आएको आवेदनका आधारमा स्तर निर्धारण तथा प्रत्यायनको प्रमाणपत्र विनियम ७ का आधारमा प्रदान गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम स्तर निर्धारण तथा प्रत्यायनको प्रमाणपत्र प्रदान गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) समितिको बैठकबाट पेश गरिएको प्रतिवेदनको आधारमा निर्णय गरी प्रमाणपत्र प्रदान गर्ने,

(ख) स्तर निर्धारण तथा प्रत्यायनका प्रमाणपत्र सम्बन्धी नतिजा प्रकाशन गरी वेभसाइटमा राख्ने,

(ग) उपाधि प्राप्त गर्न नसकेका शिक्षालयलाई कारण सहित जानकारी गराउने।

(३) उपविनियम (२) बमोजिम स्तर निर्धारण तथा प्रत्यायनको प्रमाणपत्र प्रदान सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०.**उजुरी गर्न सक्नेः** (१) स्तर निर्धारण तथा प्रत्यायनको सम्बन्धमा भएको समितिको निर्णयमा कसैले मर्का परेको ठानेमा त्यस्तो निर्णय सार्वजनिक भएको पन्ध्र दिनभित्र मन्त्रालय समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम उजुरी पर्न आएमा मन्त्रालयले मन्त्रालयको सहसचिव वा परिषद्को अधिकृतस्तर प्रथम श्रेणीको कर्मचारीको संयोजकत्वमा सम्बन्धित क्षेत्रको विज्ञ र परिषद्को कानून तर्फको कर्मचारी सम्मिलित तीन सदस्यीय अध्ययन टोली गठन गर्न सक्नेछ।

(३) उपविनियम (२) बमोजिमको टोलीले अध्ययनको क्रममा परिषद्का कर्मचारीको सहयोग लिई अध्ययन गरी पन्ध्र दिनभित्र अध्यक्ष समक्ष प्रतिवेदन बुझाउनु पर्नेछ।

(४) उपविनियम (३) बमोजिमको प्रतिवेदन समेतको आधारमा उजुरीमा उठाइएका मागका सम्बन्धमा परिषद्ले आवश्यक निर्णय गर्नेछ।

(५) उपविनियम (३) बमोजिम परिषद्ले स्तर निर्धारण तथा प्रत्यायन हुनु पर्ने भनी निर्णय गरेको अवस्थामा समितिले त्यस्तो शिक्षालयलाई स्तर निर्धारण तथा प्रत्यायन गरी प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

(६) यस विनियम बमोजिम परिषद् समक्ष पर्न आएको उजुरीलाई साठी दिनभित्र फछ्र्यौट गरी सक्नु पर्नेछ।

**परिच्छेद-५**

## मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. मूल्याङ्कन टोली रहने:** (१) शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी परीक्षण गरी समिति समक्ष सिफारिस गर्नका लागि समितिले एक मूल्याङ्कन टोली गठन गर्नेछ।

(२) उपविनियम (१) बमोजिमको मूल्याङ्कन टोलीमा परीक्षकमध्येबाट दुई जना र सचिवालयले तोकेको परिषद्को अधिकृत स्तरको कर्मचारी एक जना गरी तीन जना रहनेछन्।

(३) मूल्याङ्कन टोलीको गठन, संयोजकको जिम्मेवारी, सम्पादन गर्ने कार्य तथा समयावधि त्यस्तो टोली गठन हुँदा समितिबाट निर्धारण भए बमोजिम हुनेछ।

(४) सचिवालयले परिषद्को अधिकृतस्तरको कर्मचारी खटाउँदा कम्तिमा पाँच वर्ष अधिकृतको पदमा कार्यरत भई स्तर निर्धारण सम्बन्धी अभिमुखीकरण तालिम प्राप्त गरेको कर्मचारी मध्येबाट खटाउनु पर्नेछ।

(५) स्तर निर्धारण तथा प्रत्यायनका लागि हुने मूल्याङ्कनको लागि गठित टोलिका सदस्यले स्वार्थको द्वन्द नभएको सम्बन्धमा स्वघोषणा गर्नु पर्नेछ।

**१२. परीक्षक सम्बन्धी व्यवस्था:** (१) शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी परीक्षण गर्न समितिले परीक्षकलाई खटाउनेछ।

(२) विनियम १४ बमोजिम योग्यता पुगेका परीक्षकको सूचीबाट सचिवालयले परीक्षक छनोट गर्नेछ।

(३) उपविनियम (२) बमोजिमको परीक्षकमा नाम समावेश गर्न समितिले सार्वजनिक सूचना मार्फत आवेदनको माध्यम, आवेदन गर्ने प्रक्रिया र छनोटका विधि तय गरी आवेदन संकलन गर्नेछ।

(४) उपविनियम (३) बमोजिम पर्न आएका आवेदन रुजु गरी योग्य व्यक्तिको विवरण रोष्टरमा समावेश गरिनेछ र त्यस्तो रोष्टर प्रत्येक दुई वर्षमा अध्यावधिक गर्नु पर्नेछ।

(५) यस विनियम बमोजिम परीक्षकको रोष्टरमा सूचीकृत व्यक्तिलाई स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धमा समितिबाट निर्धारण भए बमोजिमको तालिम तथा अनुशिक्षण प्रदान गरी प्रमाणपत्र दिईनेछ।

(६) यस विनियम बमोजिमको परीक्षकको रोष्टरमा सूचीकृत व्यक्तिलाई प्रदान गरिने तालिम तथा अनुशिक्षण सम्बन्धमा समितिले आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

**१३. परीक्षकको योग्यता:** (१) शिक्षालय तथा कार्यक्रमको स्तर निर्धारण तथा प्रत्यायनका लागि हुने मूल्याङ्कन सम्बन्धी कार्य परीक्षकबाट हुनेछ।

(२) देहाय बमोजिमको योग्यता प्राप्त गरेको व्यक्ति उपविनियम (१) बमोजिमको परीक्षक हुन योग्य हुनेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा व्यवस्थापन, नीति निर्माण, मूल्याङ्कन, अध्ययन अनुसन्धान तथा गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यमा कम्तिमा सात वर्षको कार्य अनुभव हासिल गरेको,

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा कम्तिमा तीन वर्षको प्रशिक्षणको अनुभव हासिल गरेको,

(घ) विनियम १३ बमोजिम अनुमतिपत्र प्राप्त गरेको,

(ङ) कुनै स्वार्थको द्वन्द नभएको।

## परिच्छेद-७

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१४. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) समितिले शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी कार्यको समय समयमा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपविनियम (१) बमोजिम भएको अनुगमनको आधारमा समितिले प्रत्यायनकृत शिक्षालयको गुणस्तर अभ्यासको मूल्याङ्कन गर्नेछ।

(३) उपविनियम (२) बमोजिम अनुगमन तथा मूल्याङ्कनका सूचक र सो सम्बन्धी अन्य व्यवस्था समितिबाट निर्धारण भए बमोजिम हुनेछ।

१५. **शिक्षालयलाई निर्देशन गर्न सक्ने:** (१) अनुगमन तथा मूल्याङ्कनको क्रममा प्रत्यायनकृत शिक्षालयमा निर्धारित गुणस्तर कायम नरहेको पाइएमा समितिले त्यस्तो शिक्षालयलाई गुणस्तर कायम गर्न समयावधि तोकि निर्देशन दिन सक्नेछ।

(२) उपविनियम (१) बमोजिमको समयावधिभित्र निर्धारित गुणस्तर कायम नगर्ने शिक्षालयलाई समितिले सो पूरा नगर्नुको आधार र कारण सहित सात दिनको समय दिई स्पष्टीकरण सोध्न सक्नेछ।

(३) उपविनियम (२) बमोजिम सोधिएको स्पष्टिकरणका सम्बन्धमा सम्बन्धित शिक्षालयले समयमा नै विवरण सहित समिति समक्ष आफ्नो सफाइ पेश गर्नु पर्नेछ।

(४) उपविनियम (३) बमोजिम प्राप्त हुन आएको सफाइमा समिति सन्तुष्ट हुन नसकेमा समितिले त्यस्तो शिक्षालयको उपाधि वा उपाधिको प्रमाणपत्रको समयावधि घटाउन वा प्रमाणपत्र रद्ध गर्न सक्नेछ।

१६. **मुल्याङ्कन टोलीमा रहनेको जिम्मेवारी**: (१) यस विनियम बमोजिम मूल्याङ्कन सम्बन्धी कार्यमा खटिने व्यक्तिले आफ्नो जिम्मेवारीको कार्य निर्धारित मापदण्ड तथा समयमा सम्पादन गर्नु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको कार्य सम्पादन नगर्ने वा मूल्याङ्कन वा परीक्षणको क्रममा विनियमावली विपरीत वा समितिद्वारा निर्धारित विधि विपरीत कुनै कार्य गरेको पाइएमा त्यस्तो व्यक्तिलाई समितिले देहाय बमोजिमको कुनै एक वा एक भन्दा बढी कारबाही गर्न सक्नेछः-

(क) परीक्षकको नाम सूची (रोस्टर) बाट हटाउने,

(ख) आगामी पाँच वर्षसम्म सोही प्रकृतिको काममा समावेश नगराउने,

(ग) निजले प्राप्त गरेको वा गर्ने रकमको दोब्बर रकम असुल उपर गराउने,

(घ) आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउने।

(३) उपविनियम (२) बमोजिम कारवाही गर्नु अघि त्यस्तो व्यक्तिलाई सफाई पेस गर्ने मौकावाट बञ्चित गरिने छैन।

(४) मूल्याङ्कन वा परीक्षणको लागि खटिने परिषद्को कर्मचारीले आफ्नो जिम्मेबारी पूरा नगरेमा परिषद्को कर्मचारी विनियमावली बमोजिम अख्तियार प्राप्त अधिकारीले कारबाही गर्नु पर्नेछ। त्यस्तो कारवाहीको लागि समितिले सिफारिस गर्नेछ।

## परिच्छेद-८

## विविध

१७. **चिकित्सा शिक्षा तर्फका कार्यक्रमसम्बन्धी व्यवस्था**: परिषदले चिकित्सा शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने शिक्षालयको स्तर निर्धारणसम्बन्धी काम कारवाही गर्दा चिकित्सा शिक्षासम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्थाको पालना गरी गर्नु गराउनु पर्नेछ।

१८. **शुल्क सम्बन्धी व्यवस्था**: (१) यस विनियमावली बमोजिम स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी कार्यका लागि सम्बन्धित निजी शिक्षालयले शुल्क बुझाउनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिम लाग्ने शुल्क समितिको सिफारिसमा परिषदबाट स्वीकृत भए बमोजिम हुनेछ।

(३) उपविनियम (२) बमोजिम लाग्ने शुल्कको जानकारी परिषद्को वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

१९. **आवश्यक ढाँचा निर्धारण गर्न सक्ने**: समितिले यस विनियमावली बमोजिम स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी कार्यमा कुनै ढाँचा निर्धारण गर्नु पर्ने भएमा आवश्यक ढाँचा निर्धारण गर्न सक्नेछ।

२०. **विनियमावलीको व्याख्या गर्ने अधिकार**: यस विनियमावलीको व्याख्या गर्ने अधिकार परिषद्लाई हुनेछ।

२१.**आवश्यक व्यवस्था गर्न सक्नेः** स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी व्यवस्थालाई सहज र प्रभावकारी रुपमा कार्यान्वयनको लागि परिषद्‌ले आवश्यक थप व्यवस्था गर्न सक्नेछ।

२२. **निर्देशन दिन सक्नेः** (१) परिषद्‌ले स्तर निर्धारण तथा प्रत्यायन सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरी शैक्षिक तथा प्राज्ञिक गुणस्तर हासिल गरी प्रत्यायन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) यस विनियमावलीको कार्यान्वयन गर्दा नेपाल सरकारबाट विनियोजित बजेट रकम खर्च हुने विषयमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपविनियम (१) र (२) बमोजिमको निर्देशनको पालना गर्नु समिति तथा परिषद्‌का कर्मचारीको कर्तव्य हुनेछ।

२३ **विनियमावलीमा संशोधनः** (१) परिषद्‌ले समितिको सिफारिसमा यस विनियमावलीमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिमको संशोधन मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

२५ **अनुसूचीमा हेरफेरः** परिषद्‌ले आवश्यकता अनुसार मन्त्रालयको सहमतिमा अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

**अनुसूची-१**

(विनियम ६ को उपविनियम (२) सँग सम्बन्धित)

**(क) शिक्षालयको स्तर निर्धारणका लागि निर्धारित मापदण्ड,मूल्याङ्कन सूचक र अंकभार**

| क्र.सं. | क्षेत्रगत मापदण्ड | मूल्याङ्कन सूचक संख्या | जम्मा अंकभार | प्रतिशत % |
|---|---|---|---|---|
| १. | सुशासन तथा व्यवस्थापन | १० | ३४ | ११ |
| २. | संस्थाको भौतिक तथा सिकाईश्रोत सामग्री | १३ | ५३ | १८ |
| ३. | मानव श्रोत | ९ | ४४ | १५ |
| ४. | प्रशिक्षण तथा सिकाई | १५ | ६७ | २२ |
| ५. | श्रम बजारसंगको समन्वय तथा कार्यक्रमको दिगोपना | ९ | ३३ | ११ |
| ६. | विद्यार्थी सहयोग सेवा | ७ | ३१ | १० |
| ७. | अनुसन्धान तथा विकास | १० | ३८ | १३ |
| | **जम्मा** | **७३** | **३००** | **१००** |

**(ख) शिक्षालयको स्तर निर्धारणका लागि निर्धारित मापदण्ड, सूचक र अंकभारको विस्तृत विवरण**

| क्र.सं. | मापदण्ड | सूचक | सूचकका आधारमा प्रति सूचक अधिकतम अङ्कभार* | जम्मा अङ्कभार |
|---|---|---|---|---|
| १ | **सुशासन तथा व्यवस्थापन** | १. शिक्षालयको स्पष्ट दृष्टिकोण,लक्ष्य र उद्देश्य सहितको रणनीतिक योजना कार्यान्वयन<br>२. हरित प्राविधिक शिक्षा नीति सहितको कार्यान्वयन रणनीति तयार<br>३. स्पष्ट संस्थागत संरचना<br>४. संस्थाको कार्यक्रम संचालन विनियमावली<br>५. व्यवस्थापन समितिको आवधिक बैठक | ५<br>३<br>३<br>३<br>३ | ३४ |

| | | | | |
|---|---|---|---|---|
| | | ६. अनुगमन तथा मुल्यांकन योजना र कार्यान्वयन | ३ | |
| | | ७. व्यवस्थापन प्रणालीको बार्षिक समीक्षा कार्यान्वयन | ३ | |
| | | ८. रणनीतिक योजनाको प्रगति समीक्षाको अभ्यास | ३ | |
| | | ९. खरिद प्रकृयाको योजना तथा प्रभावकारी कार्यान्वयन | ३ | |
| | | १०. गुणस्तर सुनिश्चित योजनाको कार्यान्वयन | ५ | |
| २ | **संस्थाको भौतिक तथा सिकाई श्रोत** | १. आवश्यक फर्निचर सहित प्रशिक्षक, कर्मचारीको कार्यकक्ष | ३ | ५३ |
| | | २. आवश्यक संख्यामा कक्षा कोठा | ५ | |
| | | ३. प्रयाप्त संख्या, आकार, प्रकार तथा श्रोतयुक्त प्रयोगशाला, कार्यशाला | ५ | |
| | | ४. पाठ्यक्रम बमोजिमका आवश्यक मेसिन तथा उपकरणको उपलब्धता र सञ्चालनको अवस्था | ५ | |
| | | ५. भवन तथा जग्गा जमिनको प्रयाप्तता र भोग चलनको अवस्था | ५ | |
| | | ६. प्रशिक्षार्थीले पर्याप्त व्यावहारिक सिकाई र सीप प्रदर्शन गर्ने अवसर | ५ | |
| | | ७. प्रशिक्षण सामग्रीमा सबै प्रशिक्षार्थीको पहुँच | ३ | |
| | | ८. आवश्यक सन्दर्भ सामग्री (पाठ्य पुस्तक) सहितको पुस्तकालयको उपलब्धता | ३ | |
| | | ९. आवश्यकता अनुसार महिला तथा पुरुष छात्रावास | ३ | |
| | | १०. प्रयाप्त लैंगिक तथा समावेशी मैत्री शौचालय | ५ | |
| | | ११. अपाङ्गता भएका व्यक्तिको लागि भौतिक सुविधामा पहुँचको सुनिश्चिता | ३ | |
| | | १२. कार्यस्थल स्वास्थ्य सुरक्षा सम्बन्धी व्यवस्थापन | ३ | |
| | | १३. शिक्षालयको मर्मत योजना तथा नियमित मर्मत सम्भार | ५ | |
| ३ | **मानवश्रोत** | १. पाठ्यक्रम अनुसार दक्ष प्रशिक्षक कर्मचारीको व्यवस्था | ५ | ४४ |
| | | २. आवश्यक पदमा पूर्णकालीन प्रशिक्षक कर्मचारीको व्यवस्थापन | १० | |
| | | ३. आवश्यकता अनुसार प्रशासनिक कर्मचारीहरुको दरवन्दी व्यवस्था | ५ | |
| | | ४. कर्मचारीको क्षमता विकास योजना | ३ | |
| | | ५. प्रशिक्षकलाई प्रशिक्षक प्रशिक्षण सीप (टिओटी) तालिमको व्यवस्था | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | | ६. प्रशिक्षकलाई कार्यस्थल-आधारित व्यावसायिक सीप अभिबृद्धि (ओएसयु) तालिमको व्यवस्था | ५ | |
| | | ७. प्रशिक्षकको पाठ्यभार निर्धारण तथा समय तालिका | ५ | |
| | | ८. प्रशिक्षकको अनुपस्थितिमा कक्षा सञ्चालन गर्ने (व्याक अप प्लान) व्यवस्था | ३ | |
| | | ९. प्रशिक्षकहरुसँग सिकाई आदान प्रदान गर्न निरन्तर बैठक बस्ने व्यवस्था | ३ | |
| ४ | **प्रशिक्षण तथा सिकाई** | १. राष्ट्रिय स्वीकृत पाठ्यक्रम अनुसारको सिकाइ उपलब्धता | ५ | ६७ |
| | | २. सिकाई उपलब्धी सहितको प्रशिक्षण-सिकाईको योजना निर्माण | ५ | |
| | | ३. पाठ्यक्रम अनुसार सैद्धान्तिक र व्यावहारिक कक्षा अनुपात | ५ | |
| | | ४. पाठ्यक्रम अनुसार सबै बिषयवस्तुको प्रशिक्षणको सुनिश्चितता | ५ | |
| | | ५. पाठ्यक्रम अनुसार औद्योगिक प्रशिक्षण तथा सिकाई व्यवस्था | ५ | |
| | | ६. प्रयोगात्मक तथा कक्षाकोठाको प्रशिक्षणमा प्रशिक्षक र प्रशिक्षार्थीको अनुपात | ५ | |
| | | ७. सिकाई उपलब्धिको अनुगमन | ५ | |
| | | ८. प्रशिक्षार्थीको सिकाई उपलब्धिको निरन्तर परीक्षण तथा अभिलेख व्यवस्थापन | ५ | |
| | | ९. कार्यगत तालिम/औद्योगिक प्रशिक्षण अभ्यास | ५ | |
| | | १०. बजार मागमा आधारित सीपहरुको सिकाई अभ्यास | ५ | |
| | | ११. पाठ्यक्रम बाहेक प्रशिक्षणमा गरिएका थप अभ्यासहरु | ५ | |
| | | १२. प्रशिक्षार्थी हाजिरीको व्यवस्था | ३ | |
| | | १३. प्रशिक्षार्थीको सुझाव सङ्कलन तथा कार्यान्वयन | ३ | |
| | | १४. सरोकारवालावाट सुझाव संकलन, पृष्ठपोषण अभ्यास र कार्यान्वयन | ३ | |
| | | १५. सरोकारवालाहरुसंग संयुक्त समीक्षा बैठक योजना तथा कार्यान्वयन | ३ | |
| ५ | **श्रम बजार सँगको समन्वय तथा** | १. उद्योग र रोजगारदातासँगको सम्बन्ध विस्तार योजना | ५ | ३३ |
| | | २. विद्यालय व्यवस्थापन समितिमा व्यापार तथा औद्योगिक प्रतिष्ठानको प्रतिनिधित्व | ५ | |
| | | ३. शिक्षण संस्था तथा उद्योग व्यवसाय बीच प्रभावकारी छलफल तथा सिकाई आदान प्रदान | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | **कार्यक्रमको दिगोपना** | ४. उत्पादन एकाईको स्थापना<br>५. उत्पादन तथा बिक्रीबाट प्राप्त आम्दानीको पारदर्शिता<br>६. प्रभावकारी वार्षिक योजना तथा बजेट प्रणालीको कार्यान्वयन<br>७. कार्यक्रम सञ्चालनकालागि पर्याप्त बजेटको व्यवस्था<br>८. उपलब्ध श्रोत साधनहरुमा प्रभावकारी लेखाजोखा, नियन्त्रण तथा व्यवस्थापन<br>९. प्रशिक्षक तथा प्रशिक्षार्थीलाई सामुदायिक विकासका कार्यक्रममा सहभागिता शैक्षिक भ्रमण आदिको व्यवस्थापन | ३<br>३<br>३<br>३<br>३<br>३ | |
| ६ | **विद्यार्थी सहयोग सेवा** | १. मनोवैज्ञानिक परामर्श तथा स्वास्थ्य सेवा एकाई स्थापना<br>२. भर्ना हुनुपूर्व प्रशिक्षार्थीको योग्यता-व्यवहार परीक्षणको व्यवस्था<br>३. प्रशिक्षार्थीलाई रोजगार परामर्श सेवा उपलव्धता<br>४. गरीव तथा विपन्न वर्गकालागि छात्रवृतिको व्यवस्था<br>५. प्रशिक्षार्थीलाई अतिरिक्त क्रियाकलाप तथा अन्य प्रोत्साहनको व्यवस्था<br>६. प्रशिक्षार्थीको गुनासो सुन्ने तथा सुझाव संकलनको व्यवस्थापन<br>७. प्रशिक्षार्थीहरुलाई खोज तथा अन्वेषण लगायत अतिरिक्त प्राविधिक कृयाकलाप गर्ने वातावरण | ५<br>३<br>५<br>३<br>५<br>५<br>५ | ३१ |
| ७ | **अनुसन्धान तथा विकास** | १. स्पष्ट सञ्चार रणनीति तथा व्यवस्थापन प्रणाली सञ्चालन<br>२. श्रम बजार ब्यवस्थापन सूचना प्रणालीको व्यवस्था तथा कार्यान्वयन<br>३. श्रम बजार अध्ययन तथा विश्लेषण गर्ने योजना तथा कार्यान्वयन<br>४. सरोकारवालासँग सिकाई आदान प्रदान गर्न कार्यशाला सञ्चालन<br>५. बजेट व्यवस्थापन सूचना प्रणाली कार्यान्वयन<br>६. आवधिक रुपमा स्वतन्त्र मूल्याङ्कन एवम् प्राप्त सुझावको कार्यान्वयन<br>७. गुणस्तर सुधारकालागि संस्थाको उपलब्धिहरुको प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन तथा प्रतिवेदनको कार्यान्वयन<br>८. लैंगिक तथा सामाजिक समावेशी सहितको प्रशिक्षार्थी भर्ना, टिकाउ, उत्तीर्ण भएकाको तथ्यांक व्यवस्थापन | ३<br>३<br>३<br>३<br>३<br>३<br>५<br>५ | ३८ |

| | | | | |
|---|---|---|---|---|
| | | ९. बजार अध्ययन, रोजगारको अवस्था आदि सम्बन्धी सरोकारवाला उद्योग-व्यवसायसँग बैठक, अन्तक्रिया आयोजना<br>१०. उत्पादित जनशक्तिको रोजगारीको दर | ५<br>५ | |
| **जम्मा** | ७ | ७३ | ३०० | |

* सूचकका आधारमा कायम अङ्कमा प्रति सूचक अन्तर्गतको अङ्क प्राप्त गर्ने अन्य आधार समितिको सिफारिसमा परिषदबाट निर्धारण भए बमोजिम हुनेछ।